# किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल


प.सं. :-२०८२।८३

च.नं. :-

मितिः२०८२।१०।०४

**२८६२ औं सोनाम ल्होछार, २०८२ को शुभकामना सन्देश**

तामाङ समुदायको महत्वपूर्ण पर्व ' मन्जुश्री संवत २८६२ औं सोनाम ल्होसारः ता(घोडा)ल्हो को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण किस्पाङ गाउँपालिकाबासीहरु माझ सुख, शान्ति र समृद्धि अभिवृद्धि हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

हाम्रा अन्य पर्वहरुझैं 'सोनाम ल्होछार' लाई पनि हामी एउटा महत्वपूर्ण पर्व मान्छौं । बहुल जातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक समाजका अभिन्न अङ्गका रुपमा रहेको हाम्रो समाजमा हाम्रा सबै समुदायको प्रतिनिधीत्व रहेको छ । विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवं बन्धुत्व र पारस्परिक मेलमिलाप नै हाम्रो समाजको मूल चरित्र हो। हाम्रा यस्ता राष्ट्रिय धरोहरप्रति हामी सबैले गौरवबोध गर्न सक्नुपर्दछ । यस्ता पर्वले हामीलाई सामुहिक हित, आपसी सम्मान र भाइचाराको सम्बन्ध विकास तथा विस्तारमा प्रेरित गर्न सकोस् भन्ने पुनः एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु।

..............................

विरवल तमाङ

अध्यक्ष